Contact: Mukunda Aryal
Rastriya Banijya Bank Ltd.
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

Singhadurbar Plaza
Kathmandu

**Rastriya Banijya Bank Ltd.**

# Press Release

## RBBL at Pharping, Kathmandu

**Pharping, July 14, 2014:** The branch of Rastriya Banijya Bank Ltd (RBBL) has been reinstated at Pharping – one of the business hub with religious, cultural, agricultural importance in the western part of Kathmandu district. Mr. Narshari Dhakal, the Chairperson of RBBL Board of Directors commenced the transaction in the reinstated 153th RBBL's Pharping branch amid a function. On the occasion chief guest Dhakal urged the local business community to make initiation towards the development of Small and Medium Enterprizes with the help of Bank.. CEO Krishna Prasad Sharma said that the Bank would contribute for healthy competition so as to preserve overall financial interest of this area.Mr Sharma also stressed on the need of adhering financial discipline by both the Bank and customers to ensure the reciprocal interest. Mr. Om Prakash Acharya, the chief of the RBBL Branch Operation Department, Mr. Ram Bahadur Basnet the Principal of the local T.Higher Secondary School and representatives of various political parties spoke on the occasion. There was good presence of local business people and people in general in the program chaired by Udhav Khanal – the Manager of RBB regional office Kathmandu, anchored by Mr. Ishwari Neupane the deputy Manager at RBB central office. The Branch was merged in in 2058 B.S. due to poor law and order situation. RBBL has been catering its service to the 1.7 million plus customers across the 65 districts of the country through all 153 branches with Any Branch Banking Service, 10 counters , 9 branchless banking, 80 own ATM outlets.

**Release July 15, 2014**

*more*

# काठमाडौंको फर्पिङ्गमा राष्ट्रिय वाणिज्य बैंक

**असार ३० काठमाडौं :** काठमाडौंको पश्चिमी भागमा अवस्थित व्यावसायिक केन्द्र फर्पिंग बजारमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड्को शाखा कार्यालय पुनर्स्थापना गरिएको छ । पुनर्स्थापित राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय फर्पिंगको राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष डा नरहरि ढकालले एक समारोहका बीच शुभारम्भ गर्नुभयो । सो अवसरमा प्रमुख अतिथि नरहरि ढकालले राष्ट्रिय वाणिज्य बैंकले पूर्ण सरकारी वाणिज्य बैंकको नाताले वित्तीय पहुंच र समावेशिता अभिवृध्दि निम्ति यस क्षेत्रका जनताको मागलाई सकारात्मक रुपमा लिइ शाखा पुनर्स्थापना गरेको वताउदै बैंकको लगानी सहयोगमा यस क्षेत्रमा संभावना रहेका साना मझौला तथा लघु उद्यम विस्तारमा सक्रियता बढाइ लाभान्वित हुन स्थानीय उद्यमी व्यवसायीलाइ आग्रह गर्नुभयो । सो अवसरमा विशिष्ट अतिथि राष्ट्रिय वाणिज्य बैकका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले बैंकसंग शिक्षक ,महिला,वालवालिका ,सेवा निवृत्त कर्मचारी ,किसान लगायतका विभिन्न वर्ग लक्षित कार्यक्रमहरु रहेकाले ती कार्यक्रमहरुमा सहभागिता जनाई पारस्परिक हित अभिवृध्दिमा  सघाउन स्थानीय सर्वसाधारणलाई आग्रह गर्नुभयो । बैकिंग कारोवारबाट पारस्परिक लाभ सुनिश्चित गर्न बैंक र ग्राहक दुवैतर्फबाट वित्तीय अनुशासन  पालना गरिनुपर्ने कुरामा जोड दिंदै प्रमुख कार्यकारी अधिकृत शर्माले रावाबैंकले समन्वयात्मक स्वस्थ प्रतिष्पर्धाको माध्यमबाट यस क्षेत्रको विकासमा सहयोग पुरयाउने वताउनुभयो ।

राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय काठमाडौंका प्रवन्धक उध्दव खनालको सभापतित्वमा सम्पन्न उक्त समारोहमा ब्रान्च अपरेसन विभागका प्रमुख ओमप्रकाश आचार्यले स्वागत मन्तव्य दिनुभएको थियो । सो समारोहमा स्थानीय लव्ध प्रतिष्ठित व्यक्तित्व एवं सामाजिक कार्यकर्ता श्याम बहादुर खत्री, त्रिभुवन आदर्श माध्यमिक विद्यालयका प्राचार्य राम बहादुर वस्नेत ,ने.कां.का प्रतिनिधि मोहन वस्नेत,ने.क.पा. एमालेका प्रतिनिधि रामकेशर खत्री,ने.क.पा.एमाओवादीका प्रतिनिधि संजीव लामा लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयका उप प्रवन्धक इश्वरी न्यौपानेको संचालनमा सम्पन्न उक्त शुभारम्भ समारोहमा। स्थानीय भद्रभलाद्मी, उद्यमी ,व्यवसायी तथा सर्वसाधारणको वाक्लो उपस्थिति थियो । वि.सं.२०५८ सालमा शान्ति सुरक्षाका कारण स्थानान्तरित उक्त शाखा कार्यालयको पुनर्स्थापना पश्चात रावाबैंकको कुल शाखा संख्या १५३ पुगेको छ । कुनै पनि शाखा बैकिंग सेवा (एविविएस ) उपलव्ध १५३ शाखाहरु, १० वटा काउन्टर ९ वटा ब्रान्चलेस बैकिंग र ८० वटा आफनै एटिएम आउटलेट् मार्फत बैंकले देशका ६५ जिल्लामा १७ लाख बढी ग्राहकलाई बैकिंग सेवा पुरयाउदैआएको  छ ।